न्यायको दिन सबैभन्दा कठोर सजाय ती मानिसहरूलाई दिइनेछ जो अल्लाहको सृष्टि कार्यमा तुलना गर्न चाहन्छन् ।

आस्थावानहरूकी आमा आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) म कहाँ आउनुभयो र मैले मेरो सामान राखिने सानो कपाटलाई जीवित प्राणीहरूको तस्बिर भएको पर्दाले ढाकेको थिएँ । उहाँले त्यो पर्दालाई हेर्ने
बित्तिकै तान्नु भयो र उहाँको अनुहारको रंग नै रिसले परिवर्तन भयो र भन्नुभयो: "हे
आइशा! न्यायको दिन सबैभन्दा कठोर सजाय ती मानिसहरूलाई दिइनेछ जो अल्लाहको सृष्टि कार्यमा तुलना गर्न चाहन्छन् ।" आइशा (रजि.) ले भन्नुभयो: "त्यसपछि हामीले त्यसलाई काट्यौं र त्यसबाट एक वा दुईवटा तकिया (सिरानी) बनायौं।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आइशा (रजियल्लाहु अन्हा) को घरमा प्रवेश गर्नुभयो। उहाँले सामान राखिने सानो कपाटलाई जीवित प्राणीहरूको तस्बिर भएको पर्दाले छोपेको देख्नु भयो। यो देखेर उहाँको अनुहारको रङ्ग परिवर्तन भयो र अल्लाहको लागि रिस पोख्दै र त्यो पर्दालाई हटाउँदै भन्नुभयो: न्यायको दिन सबैभन्दा कठोर सजाय ती मानिसहरूलाई दिइनेछ जो जिवित प्राणीको तस्बिर बनाएर अल्लाहको सृष्टिको नक्कल गर्छन् । आइशा (रजि.) ले भन्नुहुन्छ: त्यसैले हामीले त्यसलाई (काटेर) एक वा दुईवटा सिरानी बनायौं ।

http://www.sunnah.global/hadeeth/ne/show/5931